प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# लुम्बिनी प्रदेश कार्यालय
बुटबल, रुपन्देही

## अनुदान सहयोगका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति: २०८१/०९/२९**

उपर्युक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।०८२ को परिच्छेद ४ को क्रियाकलाप नं. २.७.८.१९४ मा उल्लेखित व्यवस्था बमोजिम परिषद्बाट स्वीकृति लिई परिषद्, लुम्बिनी प्रदेश कार्यालयबाट नियमित रुपमा अनुदान प्राप्त गरेका प्राविधिक शिक्षा (टेक्स) कार्यक्रम तथा साझेदारी स्वरुपमा सञ्चालित प्राविधिक शिक्षलयहरुले चालु शैक्षिक शत्रमा विद्यालय/शिक्षलयमा संचालीत कार्यकमको स्वीकृत भर्ना क्षमताको पचास प्रतिशत प्रशिक्षार्थी रजिष्ट्रेशन कायम भएको विवरण र अघिल्लो शैक्षिक शत्रको वार्षिक/सेमेष्टर परीक्षामा कम्तिमा एक कार्यक्रममा तोकिएको कार्यक्रमको कोटाको पचास प्रतिशत प्रशिक्षार्थीहरु परीक्षामा सहभागी भएको प्रमाण सहितको विवरण पेश गर्ने र नयाँ कार्यकम संचालन गर्न सम्बन्धन/स्वीकृति पाएकाहरुको हकमा चालु शैक्षिक शत्रमा प्रशिक्षार्थी भर्ना कम्तिमा एक कार्यकममा तोकिएको कोटाको पचास प्रतिशत रजिष्ट्रेशन कायम भएका विद्यालय/शिक्षलयहरुका लागि प्रति विद्यालय रु ३०००००।० (अक्षेरुपी तीन लाख मात्र) बजेट विनियोजन भई आएको हुँदा उक्त अनुदान रकम प्राप्त गर्नका लागि सामुदायिक विद्यालयहरुले अघिल्लो आर्थिक वर्ष (आ.व.२०८०।०८१) को शैक्षिक प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदन संलग्न गरी कार्यक्रम संचालनमा औजार उपकरण थपको लागि सामान खरिदको विल तथा जिन्सी दाखिला प्रतिवेदन सहित र चालु शैक्षिक शत्रमा समेत पठन पाठन संचालन गरेको प्राविधिक शिक्षा संचालित सामुदायक विद्यालयहरुले विद्यार्थी भर्नाको विवरण, परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेशन अभिलेखको विवरण र शिक्षालय संचालन/व्यवस्थापन समितिको निर्णको प्रतिलिपि सहित विद्यालयको लेटरहेडमा अनुदान माग गरेको पत्र साथ यस प्रदेश कार्यालयको वेवसाइटमा राखिएको संलग्न ढाँचा बमोजिम प्रस्तावना फाराम भरी यो सूचना प्रकाशित भएको मितिले मिति २०८१।१०।१४ गते (१५ दिन) कार्यालय समयभित्र बुझाउनुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै तोकिएको अवधिभित्र प्रस्तावना फाराम प्राप्त नभएमा कुनै किसिमको कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**का.मु. निर्देशक**

ईमेल:ctevtprovince5@gmail.com,exam.ctevtp5@gmail.com, वेभ साइट: www.ctevtlp.org.np
सूचना अधिकारी: ९८५७०४४०१८